म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २४ मंगलवार ०७ भदौ २०७९ ने. सं. ११४२ गुँलागा 23 August, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

घर तथा फ्ल्याट भाडामा

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले स्वेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्छ सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८५११३२८७४
९८४५०२८४३१

अर्थपछि कानुन मन्त्रालयमा अड्कियो किसान परिचयपत्र वितरण कार्यविधि

साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/ लामो समयसम्म अर्थ मन्त्रालयमा रोकिएको बागमती प्रदेशको किसान परिचयपत्र वितरण कार्यविधि पुन:कानुन मन्त्रालयमा अड्किएको छ ।

बागमती प्रदेशको कृषि तथा पशुपंक्षी विकास मन्त्री बसुन्धरा हुमागाईले गत पुस १४ गते सार्वजनिक गरेको ५१ बुँदे मार्गचित्रमा प्राथमिकता दिएको किसान परिचयपत्र वितरणसम्बन्धी कार्यविधि आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा अड्किएको हो । यसअघि प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले उक्त कार्यविधिलाई ४ महिनासम्म अड्काएर राखेको थियो । कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले गत चैतमा नै अर्थ मन्त्रालयसँग सहमति मागे किसान परिचयपत्र वितरण कार्यविधि,२०७८ पठाएको थियो । ४ महिना लगाएर मन्त्रालयले आफूले तयार पारेको कार्यविधि योजना कार्यान्वयनको लागि अर्थ मन्त्रालयले बजेटको व्यवस्था गर्ने हुँदा कार्यविधिमा सहमति माँगिएको थियो ।

तर, विविध बहाना बनाउँदै अर्थ मन्त्रालयले ४ महिनासम्म कृषि मन्त्रालयलाई झुलाएन मात्रै कार्यविधि र योजनालाई नै अनिर्णित बनायो । साझाकुरालगायतको सञ्चारमाध्यममा अर्थ मन्त्रालयले कार्यविधि अड्काएको समाचार प्रकाशन भएपछि मात्रै असार ३० गते अर्थले कृषि मन्त्रालयलाई सहमति पठाएको कृषि मन्त्रालयको एक कर्मचारीको भनाइ छ । अर्थ मन्त्रालयले सहमति दिएपछि साउनको पहिलो हप्तामा नै सहमतिको माग्दै कृषि मन्त्रालयले कानुन मन्त्रालयमा कार्यविधि पठाएको थियो । तर, सहमति

मागेको एक महिना बितिसक्दा कानुन मन्त्रालयले कार्यविधिमा सहमति दिनुको साटो कृषिसम्बन्धी छुट्टै नियमावली बनाउन सुझाएको छ । आफूहरुले साउनको पहिलो साता कानुन मन्त्रालयसँग सहमति मागेको भन्दै हालसम्म मन्त्रालयबाट सहमति नपाएको कृषि मन्त्रालयका कानुन अधिकृत राजेश तामाङ बताउँछन् । उनको अनुसार कृषि मन्त्रालयले प्रशासकीय कार्यविधि ऐन २०१३ लाई टेकेर किसान परिचयपत्र वितरण कार्यविधि, २०७८ बनाएको छ ।

जसलाई कानुन मन्त्रालयले अस्विकार गरिरहेको छ । प्रशासकीय कार्यविधि ऐनलाई टेकेर बनाएको कार्यविधिले किसानलाई पहिचान गर्न नसक्ने कानुन मन्त्रालयको भनाइ छ । मन्त्रालयले किसानलाई परिचयपत्र दिनको लागि प्रशासकीय ऐनमार्फत नभई कृषिसम्बन्धी नै नियमावनी बनाउनुपर्ने अडान लिदै आएको छ ।

'प्रशासकीय कार्यविधिले नियमित हुने प्रशासकीय काम गर्छ । यसबाट राष्ट्रिय परिचयपत्र वितरण गर्नेजस्ता प्रशासनिक काम गर्न सकिन्छ तर, किसानहरुलाई परिचयपत्र वितरण गर्नको लागि कृषिसम्बन्धी नै नियमावली बनाउनुपर्छ भनेर हामिले भनेका हौ । यस विषयमा दुवै मन्त्रालयका सचिवहरु बसेर टुंग्याउने कुरा भएको छ', कानुन मन्त्रालयका उपसचिव अनुशिल सापकोटाले भने ।

कृषि मन्त्रालयका प्रवक्ता झलकनाथ कँडेलकोअनुसार चालु आर्थिक वर्ष २०७९/८० मा प्रदेश सरकारले किसानलाई परिचयपत्र वितरण गर्न २५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । मन्त्रालयले किसानको अवस्था वर्गीकरण गरेर किसान परिचयपत्र वितरण गर्ने तयारी गरेको उनले बताए । उनका अनुसार प्रदेशका किसानलाई सरकारले ३ प्रकारको परिचयपत्र वितरण गर्ने तयारी गरेको छ ।

व्यावसायिकताको आधारमा वर्गीकरण गर्दै निर्वाहमुखी किसानलाई रातो, अर्धव्यावसायिक किसानलाई पहेँलो र व्यावसायिक किसानलाई हरियो रंगको परिचयपत्र वितरण गर्ने सरकारको योजना रहेको उनले बताए । 'निर्वाहमुखी कृषि गरिरहेको किसान, व्यवसायिक रुपमा कृषितर्फ उन्मुख भइरहेको र पूर्ण व्यावसायिक किसानहरूको पहिचान गरेर उनीहरूको आवश्यकता अनुसारको कार्यक्रम ल्याउने हाम्रो योजना हो', उनले भने । किसानले आफ्नो बारेमा सम्बन्धित जिल्लाको कृषि ज्ञान केन्द्रमा पुगेर आफूलाई सूचीकृत गराउनुपर्ने कँडेलले बताए । मन्त्रालयले बनाएको कार्यविधिमा किसान परिचयपत्र प्राप्त गर्ने किसानले परिचयपत्र जारी भएको ६ महिनाभित्र अनिवार्य रुपमा कृषि बिमा गर्नुपर्ने उल्लेख गरिएको उनले बताए । उनका अनुसार कार्यविधिमा खाद्यान्न बाली, फलफूल, तरकारी/आलु, दलहन/तेलहन, पुष्प, मसलाबाली, संरक्षित संरचना, मौरी घार संख्या, रेशम केश्रा उत्पादन र च्याउ उत्पादनको अवस्थाको आधारमा किसानलाई ३ वर्गमा वर्गीकरण गरिन्छ । पशुपालनतर्फ गाई/भैंसी, बाख्रा/भेडा, बंगुर, कुखुरा (ब्रोइलर), कुखुरा (लेयर्स), टर्की/हाँस/कलिज र माछापालनको क्षेत्रफल हेरेर किसानलाई वर्गीकरण गरेर परिचयपत्र दिने कार्यविधिमा उल्लेख छ । कार्यविधिमा प्रांगारिक खेती गरि प्रमाणीकरण प्राप्त गरिरहेका सबै किसान व्यावसायिक किसान हुने व्यवस्था गरिएको छ ।

किसानको अवस्था पहिचान गरि आवश्यकताको आधारमा सहयोग गर्न सरकारले परिचयपत्र वितरण गर्न लागेको प्रवक्ता कँडेलको भनाइ छ । कृषि तथा पशुपंक्षी विकास मन्त्री बसुन्धरा हुमागाईले भने छिट्टै नै किसान परिचयपत्र वितरण कार्य सुरु हुने दावी गरेका छन् । उनले आफूहरुले प्रशासकीय ऐनमार्फत बनाएको कार्यविधिलाई सहमती दिन कानुन मन्त्रालयले अस्विकार गरेपछि आफै मन्त्रालय पुगेर छलफल गरेको बताए । 'मैले आफै कानुन मन्त्रालय पुगेर छलफल गरेको छु । उहाँहरुले कृषि बनाएर मात्रै काम बनाउन सुझाव दिनुभएको छ । अब हामी सरकारलाई कृषि सम्बन्धी अध्यादेश जारि गर्न लगाएर द्रुत गतिमा काम गर्नेछौं', मन्त्री हुमागाईं भने ।

उनले भदौ महिनाभरि मा अध्यादेश जारि गरेर काम सुरु गरिने दावी गरे । हुमागाईले गत पुस १४ गते ५१ बुँदे मार्गचित्र सार्वजनिक गरेका थिए । आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम र बजेट सदनबाट पास भइसकेपछि मन्त्रालयको जिम्मेवारी सम्हाल्न आइपुगेका मन्त्री हुमागाईले ५१ बुँदे मार्गचित्रमार्फत आफूले गर्ने कामहरु सार्वजनिक गरेका थिए ।

कृषि क्षेत्रको विभिन्न योजनालाई सम्टेर बनाइएको मार्गचित्रमा 'कृषक परिचयपत्र वितरण'को योजना निकै महत्वपूर्ण थियो । मन्त्री हुमागाईले उक्त योजनालाई आफ्नो मुख्य एजेण्डाहरुमध्येमा राखेका थिए । तर, उनले मार्गचित्र जारि गरेको ८ महिनासम्म पनि कृषक परिचयपत्र वितरण कार्य कार्यान्वयनले गति लिनुको साटो अलपत्र परेको छ ।

नवौं राष्ट्रिय खेलकुदको लागि टेबलटेनिसका खेलाडी छनौट

साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/ नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने मकवानपुरबाट टेबलटेनिसका खेलाडी छनौट गरिएको छ ।

सोमबार खेलाडी छनौट गर्ने नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुने टेबलटेनिसका खेलाडी छनौट गरिएको हो । जिल्ला खेलकुद विकास समिति मकवानपुरका निमित्त कार्यालय प्रमुख मधव कोइरालाले टेबलटेनिसमा पुरुषतर्फ पाँच जना खेलाडी छनौट गरिएको जानकारी दिए ।

छनौट हुनेमा अनुप आर्चाय, परासर वाग्ले, दिक्षित खनाल, स्मित श्रेष्ठ र निराज पोखरेल रहेका छन् । छनौट भएका पाँच जना खेलाडीले प्रदेश छनौटमा सहभागिता जनाउनेछन् । प्रदेशमा छनौट भएमा नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागिता जनाउनेछन् ।

टेबलटेनिसमा महिलातर्फ भने कसैले फाराम भरेका थिएनन् । खेलाडी छनौट गर्ने कार्यक्रमअन्तर्गत् बुधबार जुडोका खेलाडी छनौट गरिने जनाइएको छ ।

सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा-२ मकवानपुरको वन विज्ञानमा डिप्लोमा कक्षा ११ तथा कक्षा १० (खुला) मा

विद्यार्थी भर्ना सम्बन्धि सूचना

कक्षा ११/१२ संचालनको प्रथम वर्षदेखि नै लगातार सर्वोत्कृष्ट तथा उत्कृष्ट नतिजा ल्याउन सफल हेटौंडा नगरीको मुटुमा अवस्थित यस सिद्धार्थ मा.वि. हेटौंडा-२ मा शैक्षिक सत्र २०७९/८० का लागि CTEVT अन्तर्गत वन विज्ञान डिप्लोमा, कक्षा ११ मा विज्ञान, कानुन, व्यवस्थापन र शिक्षा शास्त्रका साथै कक्षा १० (खुला) मा घमाघम नयाँ भर्ना भैरहेको हुँदा आफ्नो सिट समयमै सुरक्षित राख्न सम्बन्धित विद्यार्थी एवम् अभिभावकहरुलाई जानकारी गराइन्छ ।

प्रधानाध्यापक

सिद्धार्थ माध्यमिक विद्यालय

हेटौंडा- २, मकवानपुर

सम्पर्क नम्बर: ०५-५२०७००, ९८५५०७१९९०, ९८४५०५८७१५, ९८४५०७२२४७, ९८५५०७०६४७

मानवसेवाले सप्ताहव्यापी कार्यक्रमसँगै कन्सर्ट गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/हेटौंडा उपमहानगरपालिका-९ लामसुरेधापस्थित मानवसेवा आश्रमले स्थापना दिवसको अबसर पारेर सप्ताहव्यापी कार्यक्रम गर्ने भएको छ ।

आश्रमका अध्यक्ष रामजी अधिकारीले आश्रम स्थापनाको १० वर्ष पूरा भएको अबसरमा सप्ताहव्यापी कार्यक्रम गर्ने जानकारी दिए । उनले सप्ताहव्यापी काययर्क्रमअन्तर्गत् ७ मंसिर आज मंगलबार हेटौंडाको बुद्धचोकमा रक्तदान कार्यक्रम गर्ने भएको छ । ८ गते आश्रम परिषरमा वृक्षारोपण, ९ गते आश्रम रहेको धापटोलमा सरसफाई तथा तीज विशेष कार्याक्रम, १० गते सडक आश्रित मानवहरुको उद्दार कार्यक्रम, ११ गते मुष्टिदान संकलन कार्यक्रम, १२ गते दीप प्रज्वलन र भजन सन्ध्या तथा स्थापना दिवसको दिन वार्षिकोत्सव कार्यक्रम रहेको अधिकारीले बताए ।

करिब एक दशक अघि १३ भदौ २०६९ मा हेटौंडाको अब्बलडाँडाबाट आश्रम सुरु गरिएको थियो । हाल देशको १९ जिल्लामा आश्रम विस्तार भइसकेको छ । २३ वटा शाखामा १६ सय बढी आश्रित छन् । घरवार विहीन, शारिरीक रुपमा अशक्त बुढापाकालाई आश्रय दिंदै आएको मानव सेवा आश्रमले कन्सर्ट गरिने भएको छ । चर्चित नेपथ्य ब्याण्डको कन्सर्ट हुने भएको हो । कन्सर्टमा नेपथ्यका अमृत गुरुङपनि सहभागी हुने छन् । हेटौंडा-९ लामसुरेधापमा रहेको मानवसेवा आश्रमले आफ्नो आश्रमको विभिन्न जिल्लामा निर्माणधीन शाखा भवनको लागि अक्षय कोष स्थापनाको लागि देशको प्रमुख शहरहरुमा नेपथ्य ब्याण्डका चर्चित गायक अमृत गुरुङलाई लिएर 'मानवताको लागि संगीत' कार्यक्रमहरु गर्नेकार्यक्रमअन्तर्गत हेटौंडामा पनि कन्सर्ट गर्न लागिएको जनाइएको छ ।

आश्रमले हेटौंडा-४, स्थित भुटनदेवी विद्यालयको मैदानमा २२ मंसिरमा नेपथ्य लाइभ कन्सर्ट गर्न लागिएको आश्रमका अध्यक्ष रामजी अधिकारीले जानकारी दिए । १६ मंसिरबाट १६ पुससम्म एक महिना देशको १० प्रमुख शहरहरुमा 'मानवताको लागि संगीत' कार्यक्रमको तयारी सुरु भएको अधिकारीले जानकारी दिए । १६ मंसिरमा विराटनगर, १९ गते बिरगञ्ज, २२ गते हेटौंडा, २५ गते नारायणगढ र २९ मंसिरमा नेपालगञ्जमा कन्सर्ट गरिने उनले बताए । ३ पुसमा धनगढी, ६ गते सुर्खेत, ९ गते बुटबल, १२ गते पोखरा र १६ पुसमा काठमाडौंमा कन्सर्ट हुने आश्रमले जनाएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

Note: BSC, CSIT, BCA र BBS को Entrance Prepration Class पनि संचालन भइरहेको छ ।

साझाकुरा

हाम्रो कुरा

विशेष योजनाबिना बालश्रममुक्त असम्भव

मकवानपुर जिल्लाको मनहरी गाउँपालिकालाई देशमै पहिलो बालमैत्री गाउँपालिका घोषणा गरियो । निकृष्ट श्रम गर्ने बालबालिकाको संख्या नभएको भन्दै गाउँपालिकालाई बालश्रममुक्त गाउँपालिका त घोषणा गरियो । तर, बालबालिकाको क्षेत्रमा लामो समयदेखि कार्य गर्दै आएको सिविन बाल हेल्पलाइनले गरेको अध्ययनले गाउँपालिकाको २, ४, ६ र ८ नम्बर वडाका सात हजार १४ जना बालबालिकामध्ये तीनसय ५१ जना बालबालिका बालश्रममा रहेको देखाएको छ । यसबाट योजनाविहीन तरिकाबाट घोषणा गरेर मात्रै बालश्रम न्यूनीकरण नहुने तथ्य प्रष्ट भएको छ ।

बालश्रममा जानुको कारणहरुमा आर्थिक, घरेलु हिंसा, साथीभाइहरुको प्रभाव, आर्थिक सहयोगका लागि परिवारबाट दबाब, रोजगारदाताद्वारा प्रभावित पारेर, पढाइमा रुचि नभएर नभएरलगायत छन् । बालश्रममा लागेका बालक दुई सय ३९ जना र बालिका एक सय १२ जना छन् । बालश्रममा घरेलु बालश्रम र गलैंचा कारखाना र यातायात क्षेत्रमा बढी बालबालिका कार्यरत् रहेको पाइएको छ । बालश्रममुक्त गाउँपालिका घोषणा गर्न तय गरिएको न्यूनतम मापदण्ड र सूचकहरुको आधारमा मनहरी गाउँपालिकालाई बालश्रममुक्त गाउँपालिका त घोषणा गरियो तर, त्यसले दीगोपन हासिल गर्न नसकेको स्पष्ट पारेको छ । घोषणाको अवधिसम्म मापदण्ड र सूचकहरु पूरा भयो होला तर, त्यसलाई निरन्तरता दिन भने गाउँपालिका असफल भएको स्पष्ट देखिएको छ ।

लोककल्याणकारी राज्य संरचना निर्माणको परिकल्पना साकार पार्न स्थानीय सरकारहरु लागिपरेका छन् । तर, त्यसको दीगोपनको लागि विशेष योजनाहरु भने बनाएको पाइएको छैन । बालश्रम मुक्त बनाउन के कस्ता योजनाहरु ल्याइए ? श्रम गर्न बाध्य बालबालिकाको परिवारको समस्या, तिनका अभिभावकहरुले गर्ने कार्यहरु, त्यसमा स्थानीय सरकारको तर्फबाट गर्नुपर्ने टेवामूलक कामहरु, आयमूलक कार्यहरुमा अभिभावकको सहभागिता, अनुदान कार्यक्रममा उनीहरुको पहुँच, बालश्रम गर्ने बालबालिकाहरुलाई श्रमबाट फर्काइएपछि उनीहरुको शिक्षादीक्षाको व्यवस्थापन, भरणपोषणको व्यवस्था, उनीहरुबाट आश्रित अभिभावको अवस्था लगायत विषयमा विशेष अध्ययन गरेर 'विशेष कार्यक्रम' नल्याई बालश्रममुक्त बनाउन खोज्नु निरर्थक छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०४७-५२६५८७, ९८४५१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०७९ भदौ ०८ गते बुधबार २४ अगष्ट २०२२ । भाद्र कृष्णपक्ष द्वादशी । गुँलागा ११४२ । सूर्योदय: ५:३९, सूर्यास्त: ६:३२ मा हुनेछ ।

आजको राशिफल

मेष	: धनको समस्या पार लाग्नेछ	तुला	: चोट लाग्ने सम्भावना देखिन्छ
वृष	: विद्यार्थीका लागि लाभदायक	वृश्चिक	: चिन्ता, भय र आशंका बढ्नेछ
मिथुन	: बौद्धिक कार्यबाट प्रशंसा मिल्ने	धनु	: परीक्षामा सफलता मिल्नेछ
कर्कट	: अरुको विश्वास जित्न सकिने	मकर	: रिसलाई नियन्त्रण गर्नुपर्नेछ
सिंह	: धार्मिक काममा रुचि बढ्नेछ	कुम्भ	: सन्तोष र प्रतिष्ठा मिल्नेछ
कन्या	: काममा एकरुपता आउनेछ	मीन	: मित्रहरुबाट सहयोग हुनेछ

मंसिर चार: 'अवसरवादीलाई उत्तानो पार !'

पेशल आचार्य

सात वर्षआघि छाडेको पार्टीमा फेरि 'कुटेको कुकुर' झैं लुसुक्क पसेको देखेर उनलाई ट्रोल बनाई उडाउने काम सामाजिक सञ्जालभरि भएका छन्- 'मंसिर ४ अवसर वादीलाई उत्तानो पार !' मतदाता अब हिजोजस्ता लाटासीधा छैनन् ।

गरिब देशको गणतन्त्रले नागरिकलाई भनेजस्तो सिस्टम डेलिभरीका कुराहरू गर्न बडो सकस हुँदो रहेछ । कतिपय सवालमा जनताले चाहेका, मागेका र रहर गरेका न्यूनतम कामहरूसमेत भटाभट हुन नसकेपछि जनतामा निराशा छाउनु अस्वाभाविक पनि त होइन । असारमा खाँचो भएको मल भदौमा आउनु, वैशाखमा चाहिने पाठ्यपुस्तक असारमा समेत नआउनु, तीन महिनामा पाउने सामाजिक सुरक्षा भत्ता ६ महिनामासमेत नआउनु र प्रत्येक महिनाको पहिलो हप्तामा बैंक खातामा पोस्टिङ हुनुपर्ने पेन्सन रकम महिना बितिसक्दासमेत नजानुले सिस्टम जाम भएको संकेत गर्दो रहेछ । बुजुकहरूले 'लोकतन्त्रको विकल्प अझ उन्नत लोकतन्त्र हो' भनेका छन् तर भनाइ र गराइमा धेरै ठूलो अन्तर भेटिन्छ । दक्षिण एसियाका सबैजसो देशहरूमा अहिले गणतन्त्र लड्खड-लड्खड गर्दै हिँडिरहेको देखिन्छ । संसारका देशहरूमध्ये सिस्टम भएका मुलुकहरू युरोप, अमेरिका, क्यानाडा, जापान, सिङ्गापुर, चीन, थाइल्यान्ड र मलेसिया हुन् । अनुच्छेद बृहत् हुने डरले यहाँ युरोपियन सबै देशहरूको नामोच्चारण गरिएन, साथमा स्केन्डेनेभियन देशहरूसमेत सुशासन र विकासका अग्रपथमा लम्के-चम्केका देखिन्छन् । यी त भए हाम्रा लागि सपनाका रामराज्यहरू !

कतिपय सवालमा हामीसँगै हिजो हिँडेका विकासोन्मुख मुलुकहरू थाइल्यान्ड, मलेसिया, दक्षिण कोरिया र भुटानहरू अहिले हामीभन्दा धेरै माथि पुगिसके । मानव विकास सूचकांकका हिसाबले अहिले हामी गरिब राष्ट्रमै गणना भैरहेका बेला ती देशहरू हामीलाई हाम्रै बेथिति, अविकास, पछौटेपन र गरिबीमै छाडिराखेर आफूहरू कङ्गारू शैलीमा दौडिसके ।

दक्षिण एसियाकै भारत, पाकिस्तान, मालदिभ्स र भुटानसमेत अहिले हाम्रो भन्दा धेरै प्रतिव्यक्ति आय र विकासका सूचकहरू लिएर अघि दौडिरहेका छन् । केही समयअघि श्रीलंकामा छाएको राजनीतिक अस्तव्यस्तता, पारिवारिक पदलोलुपता र चरम आर्थिक संकटका कारण देशभित्र र बाहिर आलोचनाको सिकार भैरहेछ । यतिखेर नेपालले श्रीलंकापथ अवलम्बन गर्छ कि भन्दै चारैतिरबाट शंका उठाउन खोजिएको छ । देशको अवस्था हेर्दा त्यो नाजायज पक्कै होइन । माथि भनिएका देशमा सिस्टम भएका देशहरूलाई 'फस्ट कन्ट्री' भनिन्छ । सिस्टम नभएका तथा भ्रष्टाचारले भयाक्रान्त पारिएका देशमा अफ्रिकाका केही मुलुकहरू चिनिन्छन्, जहाँ यद्यपि गृहयुद्ध चम्किरहेछ । कतिपय देशमा चरम आर्थिक विश्रृंखलता, युद्ध, मारकाट, खडेरी, अभाव र आर्थिक विकासका चरणहरू अवरुद्ध छन् । हाम्रा छिमेकी देशमा चीन संसारकै महाशक्ति राष्ट्र हुने दौडमा अमेरिकालाई समेत माथ गर्दै दौडिरहेको छ भने सिस्टम बिग्रेको मुलुकभित्र सिस्टम खोजी गर्ने मुलुक भनेर भारतलाई चिनिन्छ ।

यद्यपि केही दशकदेखि भारतमा अपत्यारिला विकास शृंखलाहरू शुरु भैरहेका पाइन्छन् । कुनै बेला भारतकै गए-गुजेको राज्य भनेर चिनिने बिहारमा विगत डेढ-दुई दशकयता खासगरी नीतीशकुमार मुख्यमन्त्री भएपछि त्यहाँ सार्वजनिक शिक्षा, सार्वजनिक स्वास्थ्य, सार्वजनिक यातायात र सार्वजनिक प्रशासनमा भएको चौतर्फी तरक्कीले नेपालीहरूको ध्यान तान्न सफल छ । त्यसै गरी दिल्लीमा आम आद्दमी पार्टीको सरकार स्थापना भएपछि मुख्यमन्त्री केजरीवालले देखाएको सिस्टम र गरिब तथा गरिखाने जनतालाई राज्यबाट दिएका सेवा-सुविधाहरू असाध्यै लोभलाग्दा र दिगोसमेत देखिए ।

यो आलेखको उद्देश्य भारत, युरोप, अमेरिका र चीनको तरक्कीको गीत गाउनु छैन । यहाँ ती देशमा भएका स-साना विकास निर्माणका तुलनामा नेपालमा भएका, हुन सक्ने र भविष्यमा गरिनुपर्ने केही सम्भावनाहरूलाई रेखांकन गर्ने प्रयास गरिएको छ । यतिखेर देशमा राजनीतिले नबिटुल्याएका कुनै क्षेत्रहरू छैनन् ।

हरेक क्षेत्रमा राजनीति बाढीको भेलझैं पसेको छ । हरक्षेत्र राजनीतिले गिजोलेर काम गर्न चाहने, इमानदार, भिजनवेल र भविष्यगामी राजनीतिज्ञहरूलाई समेत सिस्टमभित्रका जालोहरूले कतै सिन्डिकेटका रूपमा, कतै कालाबजारीका रूपमा, कतै माफियागिरीका रूपमा र कतै सामन्ती सोचका रूपमा देशलाई यथास्थितिमा रोकेर मुट्ठीभर मानिसहरूले देशको अर्थ व्यवस्थालाई दोहन गर्दै राजनीतिलाई बरफजस्तै बनाएर जमाएको परिस्थिति विद्यमान छ ।

ठूल्ठूला कुराहरू गर्ने पर्दैन । दृष्टान्त स-साना कुराहरूबाटै शुरु गरे हुन्छ । तीन-तीनपटक भारतीय आयल निगमबाट पेट्रोल र डिजेलको भाउ घटेर आउँदासमेत नेपाल आयल निगमले अहिले बजारमा उसले एकाधिकार पाएर बेच्ने गरेको पेट्रोल, डिजेलको भाउ एक रुपियाँ घटाएको छैन । यो भनेको एकाधिकार बजारमा सरासर उसको दादागिरी हो ।

भारतीय आयल निगमबाट एक रुपियाँ भाउ बढेर आउनेबित्तिकै एक मिनेटमै स्वत: भाउ वृद्धि गर्ने निगम यतिखेर कानमा तेल हालेर बसेको छ । ऊ महँगीमा पिल्सिएका जनताको ढाड सेक्ने कार्यमा सक्रिय छ । सचेत नागरिकहरू कराइरहेका छन् । पत्रपत्रिका, सामाजिक सञ्जाल, राजनीतिक मञ्चहरूमा तेलको भाउ नघटेका कुराहरू आइरहकै छन् तर निगम टेर्दै टर्दैन । हुँदा-हुँदा अब संसदीय सुनुवाइ समितिमा उजुरी परेको छ । सचेत नागरिकहरू हेरिरहेका छन् कि समितिले के गर्दो रहेछ ?

स्थानीय चुनाव सकिएपछि देशमा केही जनप्रतिनिधिहरूको, स्वतन्त्र युवाहरूले र केही भिजनवेल नेताहरूका कारण राजनीतिक तरङ्ग आयो । यसले केही भए पनि जनताको असन्तुष्टिलाई घटाउने काम गऱ्यो । काठमाडौंमा बालेनको चर्चा, धरानमा हर्कको कर्मयोग र धनगढीमा गोपालको योजनाले केही महिना जनतालाई उत्तेरित गऱ्यो ।

अझै गरिरहेको छ । देशका लागि यो वर्ष चुनावी वर्ष रहेछ । स्थानीय चुनाव सफलताका साथ सम्पन्न गरिसकेपछि निर्वाचन आयोग उत्साहित छ । उसले भनेको छ कि 'स्थानीय चुनावमा तोकेको बजेटभन्दा ४ अर्ब कम लागतमै चुनाव सम्पन्न भयो ।' मितव्ययिताका लागि एक हिसाबले यो राम्रो काम हो । यस सवालमा आयोगलाई नागरिकहरूले धन्यवाद भने । कोरोनाले खग्रास पारेका सार्वजनिक जीवनका हरक्षेत्र अझ खासगरी अर्थ व्यवस्थामा देखिएको मन्दी र वैश्विक मुद्राको घट्दो सञ्चितीका कारण देश क्रमश: आर्थिकरूपमा निर्बल बन्दै गैरहेको परिप्रेक्ष्यमा विलासी वस्तुहरूको आयातमा भएको कटौती, निर्यात वृद्धिका लक्ष्यहरू, स्वदेशी उद्योगबाट उत्पादित वस्तुहरूको प्रयोग, बिक्री र प्रवर्द्धनमा जोडजस्ता नीतिहरूले भए पनि देशलाई केही आर्थिक व्ययभार कम गर्न सक्छ ।

यस सवालमा मुलुकको राष्ट्रिय योजनाहरूको तय गर्ने अहम् भूमिका बोकेको राष्ट्रिय योजना आयोग, समग्र आर्थिक नीतिलाई कन्ट्रोल गर्ने हैसियत बनाएको नेपाल राष्ट्र बैंक र समग्र बजेटका खाकाहरूमा अभिभावकीय भूमिका राख्ने निकाय अर्थ मन्त्रालयबीच कता-कता के-के समन्वय नमिलेको हो कि भन्ने शंकाहरूसमेत देखिए । अर्थशास्त्री प्रा.डा. विश्वम्भर प्याकुरेल यो अवस्थासँग केही नाखुस छन् । एक टेलिभिजन वार्तामा प्याकुरेलले यो कुराको खुलेर विरोध गरे- 'योजना आयोग, राष्ट्र बैंक र अर्थ मन्त्रालयका नेतृत्वकर्ताहरूको मुख तीनतिर फर्किएको छ ।

जुन अर्थतन्त्रको सुदृढीकरणका लागि राम्रो पक्कै होइन ।' समग्र अर्थतन्त्रको नाडी छाम्ने हैसियत राख्ने प्रबुद्ध अर्थशास्त्रीले यतिको कडा भाषा प्रयोग गर्नु देशको अर्थ व्यवस्थामा पक्कै पनि केही सख्या रोगहरूले आक्रमण गरिसकेको छ भन्ने अर्थ राख्छ । घुमाएर भने पनि, पुराण वाचनको व्यास शैलीमा लामो गरी भने पनि या अन द स्पट सट्कट भाषामा भने पनि नेपालको अर्थतन्त्र रेमिट्यान्स आश्रित छ ।

५० लाख युवायुवतीहरूले पठाउने रेमिट्यान्सलाई विश्व अर्थतन्त्रको चलायमान अवस्था, कोरोना कहरका विभिन्न उत्पातहरू, शक्ति राष्ट्रका चलखेल, युक्रेन-रसिया युद्ध र चीन-अमेरिकाका विभिन्न रणनीतिहरूले प्रत्यक्ष-अप्रत्यक्षरूपमा प्रभाव नपारी रहन सकेको छैन । लामो समय परराष्ट्र सेवा तथा कूटनीतिक क्षेत्रमा काम गरेका एक बौद्धिक व्यक्तित्व भन्छन्- 'सरल भाषामा आर्थिक संकट व्यक्तिको क्रयशक्ति घट्दै जाने र अर्थतन्त्रमा नगद प्रवाह घट्दै जाने अवस्था हो ।'

यो अवस्थालाई चिर्दै देशलाई भ्यागुतो उफ्राइ उफारेर माथि लैजान सक्ने राजनीतिज्ञको कमी महसुस भैरहेको अवस्थामा आगामी मंसिर ४ गते मुलुकमा संघीय र प्रादेशिक संसदहरूको चुनाव हुँदै छ । मैदानमा भुइँ खोस्रेर चुनावी रंगमा रंगमगिन थालेका पुराना अनुहार र वृद्ध कायका नेताहरू देख्रेर जनताका मुख केटाकेटीले अमिलो खाएर बिगारेजस्तो भैरहेका छन् । यो चुनावमा मतदाताले व्यापक परिवर्तन चाहेका छन् । साढे तीन वर्ष कार्यकाल बाँकी रहँदै प्रमुख निर्वाचन आयुक्तबाट स्वेच्छिक राजीनामा गरी विद्यार्थी बन्न हिँडिका भेजराज पोखरेल भन्छन्- 'प्रधानमन्त्रीहरू, मन्त्रीहरू पहिला पार्टीका हुन्थे । अब गुट, उपगुट हुँदै इन्ट्रेस्ट ग्रुपको हातमा गयो । चाहे मन्त्रिपरिषद् भन्नुस् अथवा संसद्, अदालत । पञ्चायत राजा मान्नेका लागि मात्र राम्रो थियो ।

मेरो अनुभवमा २०४८-२०५१ को अवधिलाई म उज्ज्वल कालखण्ड मान्दछु ।' उनी अघि भन्छन्- 'पटक-पटक प्रधानमन्त्री-सांसद भइसकेको मान्छेलाई केको लोभ हो ? जनताले घृणा गरेको छ, थुकेको छ उहाँहरूलाई, तैपनि लाजै पचाएर चुनावमा उठ्ने रटान लगाइरहेका छन् ।' कुराले हालै एमाले नेता वामदेव गौतमले भनेको सम्झन बाध्य बनाउँछ । गौतम भन्दै थिए- 'एमालेको सूर्य चिह्न लिएर हार्ने भएकाले गोलाकारभित्र हँसिया हथौडा चिह्नमा चुनाव लड्न लागेको हुँ ।' पदमा जानैका लागि माझैं मुखबाट लाज, घिन र सरम पचाएर कसरी भन्न सकेको हो यस्तो कुरो ? हिजोसम्म आफ्नो प्रिय पार्टी एमालेलाई पदकै लागि लात मार्न सक्ने गौतमजस्ता नेतालाई अहिले 'अवसरवादी अङ्ल' भन्दै भाइरल बनाउने काम भएको छ ।

कुरोको गुत्थी बुझ्दै जाँदा उनी आफ्नो प्युठान र 'टुरिस्ट उम्मेदवार' भनेर चिनिने बर्दियाबाट समेत पत्तासाफ हुने डरले पार्टी नै परिवर्तन गर्दै संसद् छिर्न दाउमा रहेछन् । अस्थिर नेताको उपमा पाएका डा. बाबुराम भट्टराईको हालत ठ्यावकै यस्तै छ । सात वर्षअघि छाडेको पार्टीमा फेरि 'कुटेको कुकुर' झैं लुसुक्क पसेको देखेर उनलाई ट्रोल बनाई उडाउने काम सामाजिक सञ्जालभरि भएका छन्- 'मंसिर ४ अवसरवादीलाई उत्तानो पार !' मतदाता अब हिजोजस्ता लाटासीधा छैनन् ।

सबैले सबैका करतुत थाहा पाइसकेका छन् । उनीहरूले 'ओलीले सम्पत्ति राष्ट्रका नाममा दान दिएको भनेको प्रपोगन्डा, देशलाई एकपटक कार्यकारी भएर विकसित पार्ने इच्छा सँगालेका भन्ने प्रचण्ड, विदेशीका इशारामा नागरिकता विधेयक ल्याई पत्नी आरजू देउबालाई पहिलो नेपाली महिला प्रधानमन्त्री बनाउन चाहेका देउवा र चोर बाटोबाट जीवनमा एकचोटि प्रधानमन्त्रीको कुर्सीमा बसेरै मर्ने इच्छा सँगालेका वामदेव गौतमका भित्री शैलीहरू' अब जनतालाई ढाँटछ भनेर सकिन्न । युवाहरूले छानी-छानी काबिल, योजना भएका, ऊर्जावान् र भिजनेबल युवा नेताहरूलाई आगामी चुनावमा नछाने देश भड्खालोमा जाकिने सम्भावना प्रबल देखिँदो छ, आगे बालिग मतदाताको सुविचार !

-नेपाल समाचारपत्र

नेपालको चिया उद्योगका अवरोध

शंकरमान सिंह

नेपालमा चिया उत्पादनको लामो इतिहास छ । पहिलो चिया बगान इलाम चिया बगान सन् १८६३ मा इलाम जिल्लाको पहाडी क्षेत्रमा सुरु भएको थियो । इतिहासकारहरूका अनुसार नेपालमा पहिलो चियाको बोट बीउबाट हुर्किएको हो, जुन चिनियाँ सम्राट्ले तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणालाई उपहारस्वरूप दिएका थिए । भारतको दार्जीलिङ पहाडमा जस्तै नेपालमा पनि चियाको खेती सुरु भएको मनिन्छ ।

सन् १९६५ मा झापा जिल्लाको समतल इलाकामा दोस्रो चिया बगान सोक्तिम चिया बगान स्थापना भएको थियो । नेपालमा समुद्री सतहबाट ८ सयदेखि २२ सय मिटरसम्मको उचाइमा चिया खेती गरिन्छ । यसअघि पूर्वी नेपालको इलाम र झापाजस्ता केही जिल्लामा उत्पादन केन्द्रित थियो । पछिल्लो समय देशका अन्य भागमा पनि चिया बगान फस्टाउँदै गएको छ । हाल चियाको क्षेत्रफल २८ हजार ७ सय हेक्टर रहेको छ । नेपालले पहाडमा वार्षिक करिब ७ हजार १ सय ६८ टन अर्थोडक्स चिया उत्पादन गर्छ । यसले तराईमा बलियो र चम्किलो उपस्थितिका लागि परिचित १५ हजार ६ सय ५४ टन सीटीसी चिया पनि उत्पादन गर्छ । चिया नेपाल र भारतमा दैनिक रूपमा प्रयोगमा आउने वस्तु हुन् । तर, यो नरम पात एउटा मुद्दाको रूपमा देखा परेको छ, जसलाई दुई देशबीच कूटनीतिक समाधान आवश्यक एवम् अनिवार्य भएको छ- दुवै मुलुक विश्वमा सबैभन्दा बढी खपत हुने वस्तुहरू उत्पादन गर्नका लागि परिचित छन् ।

नेपाल-भारतबीचको वणिज्य सन्धिविपरीत भारतीय पक्षले नेपाली चियामा परिमाणात्मक बन्देज लगाउने तयारी गरेपछि नेपालको समग्र चिया उद्योग यतिबेला आतंकित बनेको छ । नेपाली चिया आयातलाई सुरुमा परिमाणात्मक प्रतिबन्ध लगाउने अनि बिस्तारै पूर्ण बन्देज लगाउने गरी गरिएको प्रस्ताव अहिले भारतीय संसद्का दुवै सदनमा पुगेको कुरा छापामा सार्वजनिक भएको छ । छिमेकी मुलुक भारतले आफ्नै उद्योग जोगाउन नेपाली चिया आयातमा अवरोध बढाउने चिन्तामा नेपाली चिया उत्पादकले हालै नेपालका प्रधानमन्त्रीलाई भेटेर यस्तो कदमको सम्भावित गम्भीर परिणामबारे जानकारी अवगत गराएका छन् ।

भारत नेपाली चियाको सबैभन्दा ठूलो खरिदकर्ता हो र भारतीय संसदीय प्यानलले माग गरेअनुसार उत्पत्ति प्रमाणपत्रका लागि थप कडा आवश्यकताहरू घरेलु उत्पादकहरूका लागि विनाशकारी हुने कुरामा कुनै शंका छैन । भारतले चिया निर्यातमा थप कर लगाउने कुरा आएपछि नेपाल आफ्नो चिया क्षेत्रको अस्तित्वको चिन्तामा छ । भारतको वाणिज्यसम्बन्धी संसदीय स्थायी समितिले जुनमा नेपालबाट भारत निर्यात हुने चियाको प्रमाणीकरणका लागि भन्सारका अतिरिक्त कडा मापदण्डहरू लागू गर्न सरकारलाई सिफारिस गरेको कुरा सार्वजनिक भएका छन्, जसको समाधान कूटनीतिक माध्यमबाट हुनु आवश्यक र अनिवार्य छ ।

संसदीय समितिले छिमेकी मुलुकबाट न्यून गुणस्तरका उत्पादन भित्रिएमा भारतीय चिया उद्योगलाई जोखिममा पारेको भन्दै ४० देखि १ सय प्रतिशतसम्म एन्टिडम्पिङ शुल्क लगाउन आग्रह गरेको छ । प्याललले सन् १९५० को नेपाल-भारत सन्धि पुनरावलोकन गर्न पनि आग्रह गरेको छ । तसर्थ, नेपालको रु. ५ अर्ब रुपैयाँको चिया उद्योग कठिन समयबाट गुज्रिरहेको कटु सत्य हाम्रो सामु छ । नेपाली चिया उत्पादकहरूले निर्यातमा प्रतिबन्ध लगाउने कुनै पनि कदमले उद्योगलाई नराम्ररी असर गर्ने देखिन्छ । नेपालले आफ्नो करिब ९० प्रतिशत अर्थोडक्स चिया र ५० प्रतिशत क्रस, टियर एन्ड कर्ल (सीटीसी) चिया दक्षिणी छिमेकी मुलुकमा पठाउने गरेको छ । भारतको प्रस्ताव साकार भए नेपाली चिया उद्योगका लागि विपद् हुनेछ । त्यसो भएको हुनाले द्विपक्षीय वार्ता गरेर छिट्टै समस्या समाधान गर्न जरुरी छ ।

इतिहासको सरसरी समीक्षा गर्दा, वर्षौं अघि दार्जीलिङ चिया संघले तत्कालीन भारतीय राष्ट्रपति प्रणव मुखर्जीलाई दार्जीलिङ भ्रमण गर्दा ज्ञापनपत्र बुझाएर नेपाली चिया आयात रोक्न आग्रह गरेको थियो । नेपाली चियाको आयात रोक्न दार्जीलिङबाट पटकपटक प्रयास भइसकेको छ । नेपालको चिया गुणस्तरहीन भएको र मूल्य पनि कम भएकाले भारतको चिया उत्पादनमा असर परेको भारतीय उत्पादकहरूले आरोप लगाएका छन् । नेपालमा उत्पादन हुने सस्तो चिया भारतमा निकासी गर्न नपाउने भएकाले भारतका चिया उत्पादकहरूलाई चुनौती दिने प्रतिवेदनमा उल्लेख छ । भारतले नयाँ नीति लागू गरे हजारौं किसानलाई असर पर्न सक्छ । चियामा भन्सार लगाउने नेपाली चिया महँगो हुने भएकाले यस निर्णयले सयौं कारखाना ध्वस्त हुने सम्भावना छ ।

कृषि मन्त्रालयको तथ्यांकअनुसार नेपालले गत असार १६ गतेसम्ममा ३ अर्ब ४३ करोड रुपैयाँको १२ हजार ४ सय ९४ टन चिया निकासी गरेको थियो । नेपालीले वार्षिक करिब २ अर्ब रुपैयाँ बराबरको चिया उपभोग गर्ने चिया उत्पादकहरू बताउँछन् । नेपालको ५ अर्ब रुपैयाँको चिया उद्योग छ । नेपाली चियाबारे भारतीय सांसदका ११ आरोप हेर्दा : भारतका दुईवटा सदनका ३० जना सांसद सहभागी एक समितिले सरकारलाई प्रतिवेदन बुझाएको बुझिन्छ । उक्त प्रतिवेदन गत असार १ (१५ जुन, २०२२) मा भारतको राज्यसभा र लोकसभामा पेस भएको छ । सो प्रतिवेदनको सम्पूर्ण विषय र निर्देशन नेपाली चिया रोक्नुमा केन्द्रित छ । आम सञ्चारका माध्यममा सार्वजनिक भएअनुसार नेपाली चियामा भारतीय सांसदले लगाएका ११ आरोपको प्रतिवाद नेपालले गर्नुपर्छ । नेपालको सस्तो र गुणस्तरहीन चिया आयातका कारण विश्वको एकमात्र उत्कृष्ट दार्जीलिङ चियालाई असर परिरहेको बताउँछ । भारतको कुल चिया उत्पादनको झन्डै २ प्रतिशत हाराहारी चिया यहाँका छिमेकी मुलुकबाट आयात हुने चार वर्षको आयातको विवरणले देखाउँछ, जसमा कुल आयातको आधा हिस्सा नेपालले ओगट्छ ।

भारतको संसद्मा बुझाइएको प्रतिवेदनबारे भारत सरकारले अहिलेसम्म कुनै निर्णय भने गरेको छैन । तर, जुनसुकै बेला भारतले यस्तो निर्णय गर्न सक्ने भन्दै नेपाली चिया उत्पादक र व्यवसायीहरू भने त्रासमा छन् । उनीहरूले भारतसँग कूटनीतिक रूपमा पहल थाल्न आग्रह पनि गरिसकेका छन् । नेपालले भारतमा वार्षिक ५ अर्ब रुपैयाँ हाराहारीको सवा १ करोड किलो चिया निर्यात गर्ने गरेको नेपाल चिया उत्पादक संघले जनाएको छ ।

भारतको राज्यसभा र लोकसभामा पुगेको उक्त प्रस्ताव पारित भए नेपाली चियाले आफ्नो मुख्य अन्तर्राष्ट्रिय बजार गुमाउने निश्चित छ । भारतीय संसद्को राज्यसभाअन्तर्गतको 'डिपार्टमेन्ट रिलेटेड स्ट्यान्डिङ कमिटी अन कमर्स' ले तयार पारेको प्रतिवेदनको १७१ नम्बर बुँदामा नेपाली चियालाई आयात प्रतिबन्ध लगाउने कुरा उल्लेख छ । समितिले दुईवटा कारण औंल्याउँदै चिया आयात कसिलो पार्नुपर्ने बताएको छ । समितिले औंल्याएको पहिलो कारण हो, नेपाली चिया गुणस्तरहीन छ । दोस्रो, एकदमै न्यून मूल्यको चिया मात्रै भारतीय बजार आइपुग्छ । नेपालका चिया उद्यमी तथा सरोकारवालाहरू त्रस्त बन्नलाई यसबेलाको समयले पनि काम गरेको छ । नेपाल-भारत वाणिज्य सन्धिको आवधिक पुनरावलोकन हुने बेलामै भारतले यस्तो तयारी गर्दासमेत चिन्ता र चासो बढेको हो ।

-बाँकी ३ पेजमा...

धिरजसँग कुरा मिलेन, सुहानाका लागि नयाँ हिरो खोज्दै झरना थापा

काठमाडौं/ कृष्णाष्टमीको अवसर पारेर झरना थापाले नयाँ फिल्म "भगवत् गीता"को औपचारिक घोषणा गरिन् । टिजरसहित सार्वजनिक फिल्ममा पहिलेझैं सुहाना थापा मुख्य भूमिकामा रहने टुंगो छ ।

तर शुक्रबार टिजर सार्वजनिक गर्दा निर्माण टिमले सुहानासँगै हिरो पनि सार्वजनिक गर्ने तयारी थियो तर ताकेको हिरोसँग कुरा नमिलेपछि निर्माण टिमले सुहानाको मात्रै दृश्य राखेर टिजर सार्वजनिक गरेको स्रोतको दाबी छ । अलि अगाडि नै यो फिल्मका लागि झरना थापा र सुनिलकुमार थापाले धिरज मगरलाई साइन गर्न लागेको चर्चा थियो । केही अनलाइनमा आएका समाचारअनुसार फिल्मका लागि धिरजसँगै दयाहाङ राई पनि अनुबन्ध भएको खबर आएका थिए । पछि निर्देशक झरना थापाले ती समाचारको खण्डन गरेकी थिइन् ।

अहिले भने निर्माण टिम र धिरजबीच पारिश्रमिकको कुरालाई लिएर सहकार्यको सम्भावना टरेको गाइँगुइँ छ । स्रोतका अनुसार धिरजले फिल्मका लागि महीना रकम मागगरेपछि निर्माण टिम धिरज लिने मनस्थितिबाट पछि हटेको छ । धिरजलाई कुस्त रकम तिर्नुभन्दा नयाँ हिरो लिएर पब्लिसिटी गर्ने भन्दै निर्माण टिम नयाँ हिरोको खोजीमा लागेको स्रोत बताउँछ ।

'ए मेरो हजुर २'बाट फिल्म निर्देशनको सुरुवात गरेकी झरना थापाले यही नामका तीन सिरिज निर्देशन गरिसकेकी छिन् । यो सिरिज छाडेर झरनाले नयाँ नाममा फिल्म निर्देशन गर्न लागेकी हुन् । यो फिल्म नयाँ वर्षको पहिलो दिन सार्वजनिक गर्ने उनको तयारी छ । *-साभार: इकाराज*

प्याराग्लाइडिङ खेल विकासका लागि प्रादेशिक संघ गठन

कास्की, ६ भदौ (रासस)/ प्याराग्लाइडिङ खेलको विकास, विस्तार तथा यसलाई व्यवस्थित गर्नका लागि प्रादेशिक संघ गठन गरिएको छ । प्याराग्लाइडिङ खेलाडी तथा यस व्यवसायमा आबद्ध पर्यटन व्यवसायीको आज पोखरामा भएको भेलाले वसन्तराज दवाडीको अध्यक्षतामा गण्डकी प्रदेश प्याराग्लाइडिङ संघ गठन गरेको हो ।

नवगठित समितिको उपाध्यक्षद्वयमा योगेश भट्टराई र सुनिल भट्टराई, सचिवमा भेनिष थापा र कोषाध्यक्षमा भरतप्रसाद तिमिल्सिना रहेको छ । यसैगरी सदस्यमा कृष्ण पौडेल र विजय गौतम रहेको छ । नेपाल प्याराग्लाइडिङ संघ तथा ह्याङग्लाइडिङ संघ (नेफा)को आयोजनामा भेला भएको हो ।

नवगठित संघका अध्यक्ष दवाडीले साप्ताहिक पर्यटनको गन्तव्यका रुपमा रेक्रेपोखराको प्याराग्लाइडिङलाई संरक्षण गर्दै साहसिक खेल विकासमा आफू नेतृत्वको टोलीले काम गर्ने बताए । अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनसँगै प्याराग्लाइडिङको भविष्यलाई लिएर पर्यटन व्यवसायी चिन्तित भएकाले विमानको सुरक्षा हुने र प्याराग्लाइडिङ जोगिने उपाय खोजी गर्नुपर्ने उनको माग छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक जितेर राष्ट्रको शिर उँचो बनाउने प्याराग्लाइडिङका लागि राज्यले पूर्वाधारमा लगानी गर्नुपर्ने अध्यक्ष दवाडीले बताए । उनले भने, "अन्य खेलको जस्तै प्याराग्लाइडिङको खेल पूर्वाधार सरकारले बताउनुपर्दछ, प्याराग्लाइडिङ उडान र अवतरण स्थलमा मैदानलगायतका खेल संरचनामा लगानी गर्नु आवश्यक छ ।"

आगामी असोज २८ देखि कात्तिक ३ गतेसम्म गण्डकी प्रदेशमा तय भएको राष्ट्रिय खेलकुद प्रतियोगितामा प्याराग्लाइडिङ समविश छ । पोखराको तोरीपानीबाट यस खेलको प्रतियोगिता सञ्चालनको तयारी गरिएको छ ।

पोखरामा कुर्दै दशकअघिदेखि प्याराग्लाइडिङ उडान हुँदै आएको छ । यसबीचमा प्याराग्लाइडिङ गराउने कम्पनीको पाँच दर्जनभन्दा बढी पुगेको छ । पूर्ण क्षमतामा सञ्चालन हुँदा दैनिक पाँचसय जनालाई सेवा दिने क्षमता यहाँका कम्पनीको छ ।

भोजपुरे खुकुरीको माग धान्नै मुस्किल

भोजपुर, ६ साउन (रासस)/ देश, विदेशमा पहिचान बनाएको भोजपुरे खुकुरीको माग धान्न समस्या हुने गरेको छ । दक्ष कालीगढ अभावमा उत्पादन कम हुँदा भोजपुरे खुकुरीको माग धान्न समस्या भएको हो ।

पुस्तान्तरण नहुँदा तथा संरक्षणको अभावले कालीगढ पेसा लोप हुने अवस्थामा पुगेपछि खुकुरी उत्पादनमा कमी आएको छ । स्थानीय र बाहिरी जिल्लासँगै अन्तर्राष्ट्रिय बजारसम्म यसको माग हुने भए पनि माग अनुसारको खुकुरी उत्पादन हुन नसकेको व्यवसायी बताउँछन् । खुकुरी बनाउने पेसालाई अपहेलनाको रुपमा हेरिने गरिएकाले यो पेसा संकटमा परिरहेको व्यावसायी बताउँछन् ।

उद्योगबाट भोजपुर, सिरुपाते र चित्लाङले कोथीमोडा लगायतका खुकुरी बन्ने गरेका छन् । यस्ता खुकुरी विश्व बजारमासमेत पठ्याउन छन् । यहाँ उत्पादन भएका खुकुरी आकार अनुसार न्यूनतम एक हजारदेखि अधिकतम दश हजारसम्म पर्छ । बाहिर जिल्लाबाट दुई/चार सय खुकुरीको माग आउने भए पनि धेरै माग भएको खण्डमा धान्न समस्या हुने रञ्जीता खुकुरी उद्योगका सञ्चालक गणेश गजमेरले बताए । "भोजपुरे खुकुरीको माग धान्न मुस्किल छ", गजमेरले भने, 'देशका विभिन्न ठाउँबाट माग आउछ । माग अनुसारको खुकुरी उत्पादन गर्न सकिएको छैन ।'

विगतका वर्षमा धेरै कालीगढ भए पनि पछिल्लो समयमा आएर व्यावसायिक रुपमा यो काम गर्ने मानिसको संख्या न्यून हुँदै गएको छ । बढी मेहनत गर्नुपर्ने साथै व्यवसाय गर्नको लागि आवश्यक हुने कच्चापदार्थ अभावले नयाँ पुस्तामा यसप्रति मोह कम भएको कालीगढ हर्कबहादुर विश्वकर्माले बताए । विश्वकर्माले भने, 'खास गरेर यो पेसालाई पुस्तान्तरण गर्न सकिएन । नयाँ पुस्ताले यो पेसालाई निरन्तरता दिन छाडेको छ । अलिक समयपछि कालीगढ पाउन मुस्किल पर्छ ।' पेसा लोप हुनबाट बचाउन राज्यले प्राथमिकता दिनुपर्ने विश्वकर्माले बताए । 'मैले ४० वर्षबाट यही पेसा गरिरहेको छु', उनले भने, 'यतिका समय यही पेसा गर्दा पनि मलाई आर्थिक रुपमा समस्या नै छ । मेहनत बढी गर्नुपर्छ । आम्दानी कम छ । राज्यको सहयोग छैन । त्यसैले पछिल्ला पुस्ताले यो पेसा गर्न रुचाउन छाडे ।'

स्थानीय सरकार सञ्चालनमा आए पनि प्रोत्साहनमूलक सहयोग नपाएको कालीगढ प्रेमकुमार लुवारले बताए । व्यवसाय सञ्चालन गर्न स्थानीयस्तरमा पाउने कच्चा पदार्थको अभाव रहेको उनको भनाइ छ ।

'राज्यको तर्फबाट हामीले सहयोग पाउन सकेका छैनौं', लुवारले भने, 'हामीलाई व्यवसाय सञ्चालन गर्न धेरै समस्या छ । दैनिक कामकाजको लागि चाहिने, कोइला, बिंड, दापका लागि चाहिने काठ आदिको समस्या हुन्छ ।' सामुदायिक वनबाट काठ सहज रुपमा ल्याउन पाउने अवस्था नरहेको उनीहरुको भनाइ छ । आफूहरूले उत्पादन गरेका खुकुरीले पनि मेहनत अनुसारको मूल्य पाउन नसकेको कालीगढको भनाइ छ । खुकुरी उत्पादन गर्ने कालीगढ विचौलियाको मारमासमेत पर्ने गरेका छन् । 'कालीगढका काममा धेरै दुःख छ', लुवारले दुःखेसो गरे, 'अर्कातिर कच्चापदार्थ जुटाउन नै समस्या छ । कम्तीमा पनि राज्यले हामीलाई यहाँ लाग्ने विचुत, फलाम, खुकुरी बनाउन आवश्यक पर्ने मेसिन, उपकरण खरिदमा केही सहयोग गरी दिए राहत मिल्ने थियो ।"

राज्यले उचित वातावरणसँगै साना तथा मझौला उद्योगलाई प्राथमिकता नदिँदा व्यवसाय संकटमा परेको उद्योग सञ्चालकको भनाइ छ । कालीगढ पेसालाई बचाइ राख्नको लागि खुकुरी बनाउने लगायतका तालिम सञ्चालन गरिए पनि युवा शक्ति विदेश जाने लहरले समस्या भएको स्थानीय खुकुरी उद्योग सञ्चालक हीरा श्रेष्ठ बताउछन् । 'खुकुरीको स्थानीयस्तरमै माग बढी छ', व्यवसायी श्रेष्ठले भने, 'गाउँघर मा परम्परागत रुपमा गरिने पेसा धेरैले छाडी सके । सदरमुकाममा उत्पादन भएका खुकुरी गाउँतिर पठाउनुपर्ने अवस्था छ । बाहिरबाट आएको माग पूरा गर्न सकिएकी छैन् । यही अवस्था रहेमा पेसालाई जोगाएर अर्को पुस्तामा लैजान नै समस्या छ । भोजपुरे खुकुरी नै संकटमा पर्ने अवस्था छ ।'

नेपालको चिया...

नेपाल भारतबीच सम्पन्न द्विपक्षीय व्यापार सन्धिअनुसार नेपालबाट भारत निर्यात हुने कृषिवस्तुमा कर नलिने उल्लेख छ । यतिमात्रै होइन, नेपालबाट आयात गरिने कृषि उत्पादनमा भारतले परिमाणात्मक बन्देज नलगाउने बुँदा पनि प्रस्ट रूपमा उल्लेख छ ।

हालसम्म कुनै पनि करको दायरामा नपरी भारत निर्यात भइरहेको नेपालको चियामा कर लगाउने अनि गुणस्तरका नाममा परिमाणात्मक बन्देज लगाइने हल्लाले नेपाली चियाले अन्तर्राष्ट्रिय बजार गुमाउने खतरा बढेको भन्दै सरोकारवाला यतिबेला तीव्र बहस/पैरवीमा लागेका हुन् ।

भारतीय पक्ष नेपाली चियाप्रति यसरी अनुदार हुनुमा दार्जीलिङको दबाबले काम गरेको हो कि भन्ने अनुभूति भएको छ । नेपाली चियाका कारण आफूहरू मारमा परेको भन्दै दार्जीलिङका चिया उत्पादकले नेपालको चिया आयात रोक्न माग गर्दै आएको लामो समय भइसकेको छ ।

अर्कातर्फ, नेपाली चियालाई गुणस्तरहीन भन्दै रोक्न माग गर्ने दार्जीलिङका व्यवसायीहरूले नेपालकै चियालाई आफ्नो ट्रेडमार्क प्रयोग गरेर विश्व बजार पठाइरहेको आरोप नेपाली पक्षको छ । यसका बावजुद अहिले भारतमा जे तयारी भएको छ, त्यसले नेपाली चिया उद्योग संकटग्रस्त बन्ने प्रायः निश्चित छ ।

प्रमुख अन्तर्राष्ट्रिय बजार राष्ट्रले संसद्बाटै कानुन बनाएर आयात रोक्ने तयारी गर्नु चिन्ताको विषय हो । नेपालका प्रधानमन्त्रीले तत्कालै भारतीय पक्षसँग कुरा गर्ने आश्वासन दिएको देखिन्छ ।

झापा र इलाम चिया उत्पादनका लागि कहलिएका क्षेत्र हुन् । राष्ट्रिय चिया तथा कफी विकास बोर्डको पछिल्लो तथ्यांकअनुसार नेपालका २८ जिल्लाका १६ हजार ९ सय २० हेक्टर क्षेत्रफलमा चिया उत्पादन भइरहेको छ । बोर्डका अनुसार सन् २०२०-०२१ मा नेपालमा १ करोड ५६ लाख ४१ हजार केजी सीटीसी चिया उत्पादन भएको थियो । अर्थोडक्स चिया ७१ लाख ६८ हजार २ सय ५५ केजी उत्पादन हुँदा ग्रिन टी ७ लाख ७२ हजार ४ सय ५५ केजी उत्पादन भएको थियो । अन्य चिया १ लाख ५१ हजार ९१ केजी उत्पादन हुँदा कुल २ करोड ३७ लाख ४५ हजार ९ सय १ केजी चिया उत्पादन भएको थियो । यो सबै चियाको ९० प्रतिशतभन्दा ठूलो हिस्साको बजार भारत नै हो ।

नेपालको १३ प्रतिशत व्यापारघाटा पूर्ति गर्ने र वैदेशिक मुद्रा आर्जन गर्ने प्रमुख कृषि उत्पादन चिया नै भएको जनाउँदै सम्बन्धित व्यवसायीले भारतीय पक्षसँग कूटनीतिक पहलमार्फत सहजीकरण गर्न सरकारसँग माग गरेको छ ।

यदि भारतको संसद्मा पेस भएको प्रतिवेदन जस्ताको तस्तै पारित भयो भने १ सय ५० भन्दा बढी उद्योगहरू बन्द हुनेछन् । चिया खेतीमा आश्रित २६ हजारभन्दा बढी किसान, ८० हजारभन्दा बढी चिया मजदुर बेरोजगार हुनेछन् ।

नेपालको चियालाई खराब गुणस्तर भन्ने भारतीय चिया व्यवसायीले नेपाली हरियो चियापत्ती निकासीमार्फत प्रशोधन गरी दार्जीलिङकै नामबाट बिक्री गर्दै आएको कुरासमेत सार्वजनिक भएका छन् ।

भारतले प्रतिबन्ध लगाउने हो भने त्योअन्तर्राष्ट्रिय व्यापार कानुनको उल्लंघन हुने कुरा पूर्व वाणिज्यसम्बन्धी अधिकारी र व्यापार विज्ञको मत रहेको छ । दार्जीलिङको चियाभन्दा इलामको अर्थोडक्स चिया स्वादिलो हुने नेपाली व्यापारीहरूको दाबी छ । दार्जीलिङ र इलामको प्राकृतिक विशेषता र मौसम लगभग उस्तै छ । त्यसैले इलामको चिया दार्जीलिङको चिया जत्तिकै राम्रो रहेको व्यवसायीले बताए । नेपाली चियाको गुणस्तरलाई लिएर भारतीय पक्षले बारम्बार गरेको झन्झटले किसानलाई चिया उत्पादन गर्न निरुत्साहित गरेको नेपाली चिया उत्पादक बताउँछन् । घरेलु उद्योगलाई जोगाउन कुनै पनि उत्पादनको आयातमा रोक लगाउनु अन्तर्राष्ट्रिय व्यापार प्रथाविपरीत हो ।

भारतमा आयात रोक्न कानुन बनाउने प्रयास भइरहेका बेला चीनले नेपाली चिया आयात गर्ने संकेत गरेको छ । नेपाल सरकारले काठमाडौंस्थित चिनियाँ दूतावासमार्फत नेपाली चिया आयात गर्न चीनलाई आग्रह गर्दै आएको थियो । हालै परराष्ट्रमन्त्रीको चीन भ्रमणमा जाँदा उत्तरी छिमेकीले नेपाली चिया आयात गर्ने विषयमा सकारात्मक प्रतिक्रिया दिएका थिए । सरकारको अनुरोधमा चीनले सकारात्मक प्रतिक्रिया दिएको, द्विपक्षीय सम्झौताअनुसार अहिले चीनमा नेपाली चिया निकासीको मापदण्ड तयार गर्ने बाटो खुलेको कुरासमेत सार्वजनिक भएका छन् ।

यस सन्दर्भमा, नेपाली चिया व्यवसायी, किसान र सरोकार वालाले चियाको दीर्घकालीन बजार सुनिश्चित गर्न सरकारसँग माग गरेका छन् । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, परराष्ट्र मन्त्रालय र नेपालस्थित भारतीय दूतावासले पनि समस्या समाधानका लागि पहल गरेको बताइएको छ । चीनमा नेपाली चियाको बजार सम्भावना प्रचुर भए पनि निकासीमा सहजीकरणका लागि सरकारले पहल गर्नुपर्नेछ । चीनमा चिया निर्यात गर्न सहज नहुने देखिन्छ ।

समग्रमा, चियासम्बन्धी यो सम्भावित समस्याको भारतीय पक्षबाट नेपालको समग्र अर्थतन्त्रमा चियाले पुऱ्याएको योगदान र छिमेकीको दृष्टिबाट र प्रचलित वाणिज्यसम्बन्धी कानुनसमेतलाई मध्यनजर राखी तदनुरूप नेपाली चिया उद्यमी र व्यवसायीको समेत हितमा निर्णय हुनेमा नेपाल विश्वस्त छ भन्नुमा अत्युक्ति नहोला ।

कालीकोटको स्याउ बजार पुऱ्याउन समस्या

मान्म, ६ भदौ (रासस)/ कालीकोटको स्याउ बजार पुऱ्याउन निकै समस्या भएको छ । जिल्लाको तिलागुफा र रास्कोट नगरपालिकाका साथै महावै, पचालझना र पलाँता गाउँपालिकामा उत्पादन हुने स्याउ सडक नहुँदा बजारसम्म पुऱ्याउन समस्या भएको हो ।

बर्गैंचामा फलेको स्याउ बिक्री गर्न समस्या भएको तिलागुफा नगरपालिका-२ फोइमहादेवका अगुवा किसान बेगमबहादुर शाहीले बताए । "यातायातको सहज पहुँच नहुँदा स्याउ बिक्रीमा समस्या हुने गरेको छ । यातायात सेवा धेरै टाढाको दूरीमा छ", उनले भने,"मोरी बोकेर कर्णाली राजमार्ग पुऱ्याउन पाँच घण्टाको पैदलयात्रा गर्नुपर्छ ।"

कृषक शाहीले आफूले मात्र बर्सेनि ६०० क्विन्टल स्याउ फलाउने गरे पनि बजार पुऱ्याउन नसकिएका जति त्यतिकै खेर जाने गरेको जानकारी दिए । सद्यैंजसो भदौमा तयार हुने स्याउ बजार लैजान समस्या रहेको रास्कोट नगरपालिका-८ फुकोटका किसान पुष्परान बरालले बताए । "बर्सेनि ३०० क्विन्टलभन्दा बढी स्याउ फले पनि बजारको समस्याले अधिकांश स्याउ रुखमै कुहिने वा बस्तुलाई दिने गरेको छौं ।" उनले भने, "हाम्रो स्याउ फल्ने ठाउँ सिप्टी र बिसाल्नी भन्ने लेकमा हो ।"

कृषक बरालले भने, "यहाँबाट बजारमा लैजानका लागि कम्तीमा एक दिन लाग्ने गरेको छ । कतिपय त बोकेर लैजाँदै बाटोमा नै बिग्रिने गरेको छ ।" किसाले उत्पादन गरेको स्याउ बिक्रीका लागि अनुदान दिने गरिएको जिल्ला कृषि विकास कार्यालयका प्रमुख बालकराम देवकोटाले बताए ।

"किसानलाई ढुवानीमा अनुदान र कालीकोटको उत्पादन भएको हो भन्ने प्रमाणका लागि कार्टुन पनि दिने गरेका छौं ।" उनले भने, "यहाँको स्याउ विशुद्ध प्राङ्गारिक भएकाले यसको स्वादसँग अन्य स्याउको तुलना नै हुन सक्दैन ।"

भारतमा जीप दुर्घटनामा दश नेपाली घाइते

महेन्द्रनगर, ६ भदौ (रासस)/ कञ्चनपुरको सीमावर्ती भारतीय बजार बनबासाबाट खटिमातर्फ गइरहेको यात्रुबाहक जीप सोमबार दुर्घटना हुँदा दश नेपाली यात्रु घाइते भएका छन् ।

बनबासाबाट यात्रु बोकेर खटिमातर्फ गइरहेको भारतीय नम्बर प्लेटको जीप चकरपुरस्थित थाना नजिक दुर्घटना भएको खबर प्राप्त भएको गड्डाचौकीस्थित इलाका प्रहरी कार्यालयले जनाएको छ । प्रहरी नायब निरीक्षक बहादुरसिंह धामीले युके ०६ टिए ३५७३ नम्बरको जीप दुर्घटना हुँदा धनगढी, गड्डाचौकी र सुकासाल क्षेत्रका गरी दश नेपाली घाइते भएको बताए ।

दुर्घटनामा परी सुकासालका राधा दयाल, जीतबहादुर दयाल, कञ्चनपुरका हेमा ओझा, दीपक ओझा, धनगढीका चन्द्रा, शानु, बलदेव सिंह, खेमबहादुर, लक्ष्मी र शारदा रहेको बुझिएको छ । घाइतेमध्ये केहीको अवस्था जटिल रहेको र खटिमास्थित सरकारी अस्पतालमा उपचार भइरहेको भारतीय प्रहरीले यहाँको इलाका प्रहरी कार्यालय जानकारी गराएको हो ।

नेपाल र बेलायतबीच श्रम समझदारीमा हस्ताक्षर

काठमाडौं ६ भदौ(रासस)/ नेपालबाट बेलायतमा स्वास्थ्य जनशक्ति पठाउने सम्बन्धी द्विपक्षीय श्रम समझदारीपत्रमा हस्ताक्षर भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा सोमबार आयोजित कार्यक्रममा श्रम सचिव एकनारायण अर्याल र नेपालका लागि बेलायती राजदूत निकोला पोलिटले सो समझदारीपत्रमा हस्ताक्षर गरे । समझदारीअनुसार नेपालका स्वास्थ्य क्षेत्रका जनशक्तिले बेलायतमा रोजगारीका अवसर प्राप्त गर्नेछन् । रोजगारीका लागि बेलायत जाने श्रमिकले कुनै पनि शुल्क तिर्नुपर्ने छैन । उनीहरुले पाँच वर्षका लागि बेलायतमा काम गर्न पाउनेछन् ।

निकुञ्ज क्षेत्रमा वृद्ध मृत फेला

चितवन, ६ भदौ (रासस)/ माडी नगरपालिका-३ का एक वृद्ध निकुञ्जको मध्यवर्ती क्षेत्रमा मृत अवस्थामा भेटिएका छन् । पचहत्तर वर्षीय झगरु महतो मृत अवस्थामा भेटिएका हुन् ।

आइतबार साँझ ६ बजे सिमलचौर क्षेत्रमा महतोको शव भेटिएको थियो । शव भेटिएको क्षेत्रमा गैंडाको पाइला देखिएकाले गैंडाको आक्रमणबाट निजको मृत्यु भएको अनुमान गरिएको निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीले जानकारी दिनुभयो । वडा नं ३ बोटेसिमाराका उनी डुल्ने क्रममा गैंडाले आक्रमण गरेको हुनसक्ने अनुमान गरिएको छ ।

बाह्र लाख भूमिहीनको निवेदन संकलन

चितवन, ६ भदौ (रासस)/ राष्ट्रिय भूमि आयोगअन्तर्गतका कार्यालयमा १२ लाख भूमिहीनको निवेदन परेको छ । भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको निवेदन संकलन भएको हो ।

यो संख्या १५ लाख हाराहारी पुग्ने अनुमान आयोगका पदाधिकारीले गरेका छन् । ती मध्ये भूमिहीन दलित १५ प्रतिशत, भूमिहीन सुकुम्बासी २० प्रतिशत र अव्यवस्थित बसोबासी ६५ प्रतिशत हाराहारी रहेको आयोगका उपाध्यक्ष नहेन्द्र खड्काले जानकारी दिए । निवेदन संकलन भएकामध्ये छ लाखको 'कम्प्युटर इन्ट्री' भइसकेको छ भने दैनिक पाँच हजार हाराहारीमा 'इन्ट्री' को काम भइरहेको छ । निवेदन संकलन भएकामध्ये छ लाखलाई निस्सा वितरण गरिसकिएको छ । कम्प्युटर इन्ट्री बाँकी रहेकालाई पनि निस्सा भने वितरण गरिएको छ । आयोगले पाँच सय ३० स्थानीय तहहरूसँग कार्य सहमतिपत्रमा हस्ताक्षर गरी काम अघि बढाएको छ । बाँकी स्थानीय तहमा यसअघि नै सहमति भई काम भइरहेको थियो । यही भदौ २ गतेबाट २४० स्थानीय तहमा लगत संकलन फर्म भर्ने काम भइरहेको उनले जानकारी दिए । तीबाहेकका पालिकामा यो काम भईसकेको छ ।

पहिला फर्मभरेका पालिकामा छुटेकाका लागि दोस्रो पटक सूचना आह्वान गरिएको उपाध्यक्ष खड्काले बताए । ३३ स्थानीय तहमा लालपुर्जा वितरणको प्रक्रिया अन्तिम चरणमा पुगेको छ । आयोगले २०७८ भदौमा काम थाल्दा निवेदन संकलन गरिएको भए पनि कम्प्युटर इन्ट्री थोरै मात्र भएको खड्काले जानकारी दिए । आयोगले यसअघिका अधुरा कामसमेत गरिरहेको छ । यसअघिका आयोग, कार्यदल, जग्गा दर्ता समितिले काम गर्दा छुटेका र समस्या देखिएकालाई सम्बोधन गर्ने काम भइरहेको उनले जानकारी दिए ।

आयोगले सहरी र ग्रामीण क्षेत्रमा प्रयोजनका आधारमा एक सय ३० वर्ग मिटरदेखि एक बिघा १० कट्ठासम्म जग्गा दिने व्यवस्था गरेको छ । ठाउँअनुसार क्षेत्रफल धेरै र थोरै छ । चालु आर्थिक वर्षमा पाँच लाखलाई लालपुर्जा वितरण गर्ने गरी काम भइरहेको उहाँको भनाइ छ । बाँकीलाई आउँदो वर्ष लालपुर्जा वितरण गर्न सकिने खड्काले बताए । उनले भने, "हामीले लिएको लक्ष्यअनुसार काम सम्पन्न प्राविधिक र स्रोत साधन थप चाहिन्छ ।"

स्थानीय तहहरूले समन्वय र सहयोग गरेका ठाउँमा काम छिटो अघि बढेको छ । उनका अनुसार भरतपुर महानगरपालिकामा आयोगको काम धेरै सम्पादन भएको छ ।

महानगरपालिकाले प्राविधिक जनशक्तिसँगै आवश्यक उपकरण खरिद गरेर कामलाई छिटो गर्न सहयोग गरेको छ । नापजाँचका लागि आयोगसँग न्यून उपकरण छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सितैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

श्री मालपोत कार्यालय मकवानपुरबाट

मितिः २०७९/०५/०६ मा जारी भएको रोक्का फुकुवा तथा नामसारीको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

निवेदक- बाबुराम/ज्ञान ब./राम ब./सुकलाल र सोमलाल थिङ्ग गरी ५ जना (छोरा) ज.ध. बिरदेव थिङ (बाबु)

यसमा जिल्ला मकवानपुर साविक भैसे गाविस वडा ७ को कि.नं. १० को क्षेत्रफल ज.रो. १२-१२-०-० को जग्गाधनी बिरदेव थिं को मिति २०६२/११/५ मा मृत्यु भएको, निज जग्गाधनीको पत्नी सानुकान्छी थिङको पनि मिति २०७०/३/८ मा मृत्यू भएको, जग्गाधनी श्रेस्ता पुर्जामा ज.ध. को नाम बिरदेव थिं भएको तर अन्य कागजातहरुमा भने सानुकान्छा थिं भई निज बिरदेव थिं र सानुकान्छा थिं दुवै नाम गरेका व्यक्ति फरक फरक व्यक्ति नभै एकै व्यक्ति भएकोले उल्लेखित जग्गा हाम्रो नामसा संयुक्त नामसारी गराईपाउँ भनी हेटौंडा १५ को च.नं. २७०, २६९ मिति २०७९/४/२० को सिफारिस, नातापमाणित, सक्कल पुर्जा संलग्न राखी द.नं. ७५६ मिति २०७९/४/२२ मा मागदावी निवेदन पेश गर्नु भएकोमा वडाकार्यालयको सिफारिससहित मिसिल संलग्न कागजातहरुको अध्ययन गर्दा जग्गाधनी र निजको पत्नीको पनि मृत्यू भएको तथा जग्गाधनी श्रेस्ता पुर्जामा जग्गाधनीको नाम बिरदेव थिं भएको तर निवेदकहरुको नागरिकता प्रमाणपत्र तथा मृत्युदर्तालगायतका कागजातहरुमा निवेदकको बाबु सानुकान्छा थिंग भई जग्गाधनीको नाम फरक फरक कागजातहरुमा फरक फरक भएको, जग्गाधनीको बाबुको नामसमेत श्रेस्ता पुर्जामा सानोबुद्धिमान तर मृत्यू दर्ता प्रमाणपत्रमा ठुलोकान्छा थिंग भई फरकफरक देखिएकोले फरक फरक नाम देखिएको जग्गाधनी तथा जग्गाधनीको बाबुको सम्बन्धमा, जग्गाको हकभोगको सम्बन्धमा तथा जग्गाधनीको हकदारहरु, पालन पोषण/सदगद सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामासमेत प्रकाशित गरी सूचना टाँसको जानकारी तथा सूचना प्रकाशित भएको पत्रिका प्राप्त भई म्याद भूक्तान भएपछी पेश गर्नु भनी भएको आदेश बमोजिम यो पैंतीस दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः निवेदकको मागदावी सत्य नभई झुठा भए वा फरक फरक नामथर भएको जग्गाधनी बिरदेव थिं तथा सानुकान्छा थिंग एकैव्यक्ति नभई फरक फरक व्यक्ति भए वा जग्गाधनी र निवेदकहरुका बाबु एकै व्यक्ति नभै फरक फरक भएको भए वा जग्गाधनीको पालन पोषण तथा सदगद निवेदकहरुले नगरी अरु कोही कसैले गरेको भए वा उल्लेखित जग्गा निवेदकहरुको नाममा नामसारी गर्दा कुनै सरकारी, सार्वजनिक, सामुदायिक, व्यक्तिगत वा अन्य जग्गा तथा संरचनामा प्रतिकुल असर पर्ने भए वा निवेदकको मागबमोजिम नामसारी हुन/गर्न नहुने कुनै कारण भए यो सूचना प्रकाशित/जारी भएको मितिले पैंतीस दिनभित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको नाममा नामसारी भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

ईति संवत २०७९ साल भाद्र महिनाको ६ गते रोज ०२ शुभम.....

अभिभावक जागेपछि महेन्द्र किरण माविमा झुण्डियो ताला

साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/ गुणस्तरीय पठनपाठन नभएको भन्दै स्थानीय अभिभावकहरुले मनहरीको महेन्द्र किरण माध्यमिक विद्यालयमा लगाएको ताला अझै खुलेको छैन् ।

मनहरी-८ मा रहेको महेन्द्र किरण माविमा शैक्षिक सत्र २०७८ को एसईई परीक्षामा १ जना विद्यार्थीमात्र पास भएको र अन्य विद्यार्थीहरु सबैलाई विषय लागेको विषयमा अभिभावकले अनिश्चितकालका लागि विद्यालय बन्द गरेका थिए ।

विद्यालयका प्रधानाध्यापक राधालाल मण्डलले पढाउने विषयमै एक जना विद्यार्थी मात्रै पास भएको भन्दै अभिभावकहरुले प्रधानाध्यापक हटाउनु पर्ने माग अगाडि सारेका छन् । अभिभावकहरुले गाउँपालिका कार्यालयलाई विद्यालयमा गुणस्तरीय पठनपाठन गराउन नसक्ने प्रधानाध्यापकलाई तत्काल हटाउन माग गर्दै विद्यालय बन्द गराएका हुन् ।

अभिभावहरुले एक विज्ञप्ती जारी गर्दै अनिश्चितकालका विद्यालय बन्द गरिएको जानकारी गराएका थिए । विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिले राजिनामा नदिएसम्म विद्यालय बन्द गरिएको विज्ञप्तीमा उल्लेख गरिएको छ ।

विद्यालय व्यवस्थापन समितिले विद्यालयको समस्याको विषयमा चासो नदेखाएको अभिभावकहरुले आरोप लगाएका छन् । विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा हेमलाल उप्रेती छन् ।

विद्यालय व्यवस्थापन समितिले विद्यालय प्रशासनलाई नियमन गर्न नसकेका कारण विद्यालयको शैक्षिक गुणस्तर कमजोर बनेको अभिभावकहरुको आरोप छ ।

महेन्द्र किरण पश्चिम मकवानपुरकै जेठो विद्यालय हो । विद्यालयका प्रधानाध्यापक मण्डलले अभिभावकले उठाएका विषयमा उचित निर्णय लिन सोमबारको समय मागेपनि उनले कुनै निर्णय नगरेको जनाइएको छ ।

प्रअ भण्डलका कारण सोमबारपनि विद्यालय खुल्न नसकेको अभिभावकहरुले बताएका छन् । अभिभावकहरुले विद्यालय बिगनुमा प्रअ मण्डल मुख्य जिम्मेवार रहेको भन्दै आइतबार मनहरी गाउँपालिका अध्यक्ष रन्जन कालाखेती, वडाध्यक्ष नारायण उप्रेती र विद्यालय व्यवस्थापन समिति अध्यक्ष उप्रेतीसँग छलफल गरेका थिए । तर छलफलका क्रममा मण्डलले विद्यालयको शैक्षिक, आर्थिक र भौतिक प्रगतिबारे समेत राम्ररी बताउन नसकेको अभिभावकहरुले बताए ।

गाउँपालिका अध्यक्ष, वडाध्यक्षलगायतले मण्डललाई प्रधानाध्यापक पदबाट राजिनामा दिएर समस्या समाधानको बाटो खोल्न सुझाव दिए पनि उनी अटेर गरेर बसेको अभिभावकहरुले आरोप लगाएका छन् ।

गाउँपालिका अध्यक्ष कालाखेतीले मण्डललाई पालिकामा हाजिर हुन निर्देशन दिए पनि उनी अटेर गरि बसेको जनाइएको छ । अभिभावकहरुले विद्यार्थीहरु विद्यालय पोशाकमै जंगल छेउतर्फ खेल्न र घुम्न जाने गरेको, शिक्षकहरु विद्यालय समयमा पनि बाहिरै भेटिने गरेको, विद्यालयका शिक्षक र कार्यालय सहयोगीले समेत प्रधानाध्यापकलाई नटेर्ने गरेको लगायतका आरोपहरु लगाएका छन् ।

मकवानपुरे कवि बिर्खेलाई 'युवा वर्ष मोती पुरस्कार'

साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/ मकवानपुरका युवा कवि बिर्खे अञ्जान (लक्ष्मण बर्तौला)लाई प्रतिष्ठित 'युवा वर्ष मोती पुरस्कार' प्रदान गरिने भएको छ ।

जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरमा साहित्यको विकास तथा सिर्जनामा क्रियाशिल रहेका बिर्खे अञ्जानले वर्ष २०७९ सालको पुरस्कार पाउन लागेका हुन् ।

नेपाली भाषा एवम् साहित्यको श्रीवृद्धिका लागि अतुलनीय योगदान पुर्याएबापत यस वर्षको 'युवा वर्ष मोति पुरस्कार' समर्पित गर्न लागिएको युवा सेवा कोषले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । राष्ट्रिय विभूति युवाकवि मोतीराम भट्टको स्मृतिमा विसं २०४२ मा राष्ट्रिय युवा कोष्द्वारा स्थापित सो पुरस्कारको राशी ४० हजार रुपैयाँ रहेको छ ।

उक्त पुरस्कार भदौ ११ गते मोतीजयन्तीको अवसर पारेर लेखनाथ सदन काठमाडौंमा एक समारोहबीच प्रदान गरिने युवा सेवा कोषका सदस्य सचिव डा. विष्णुबहादुर भण्डारीले बताए । अञ्जानको आधा दर्जन संयुक्त कृति प्रकाशनको अतिरिक्त अवसान सपना (कविता संग्रह २०७२) शल्यक्रिया (समालोचना संग्रह २०७२) कठघरामा देश (मुक्तक संग्रह २०७९), मकवानपुरका काव्य: अवलोकन र अध्ययन (समालोचना संग्रह २०७९) एकल कृति प्रकाशित छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा समेत आफ्नो सबल उपस्थिति र पहिचान बनाउन सफल बिर्खे अञ्जान पालुङ साहित्य परिषद् तथा जन साहित्य मञ्च मकवानपुरका अध्यक्ष समेत हुन् ।

ब्यवसायी सुमार्गीको 'हेलो नेपाल' खारेज

साझाकुरा संवाददाता

हेटौंडा, ६ भदौ/ मकवानपु हेटौंडा स्थायी घर भएका चर्चित व्यवसायी अजय सुमार्गीको नेपाल स्याटलाइट टेलिकम (हेलो नेपाल) को अनुमति पत्र खारेज भएको छ । सरकारले प्रचण्डका निकट रहेका ब्यवसायी सुमार्गीको हेलो नेपालको अनुमतिपत्र खारेज गरेको हो ।

नेपाल दूरसञ्चार प्राधिकरणले यसअघि नै खारेज गरेको हेलो नेपाल खारेज नगर्न उसले सरकारलाई अपिल गरेको थियो तर सरकारले उक्त अपिललाई वेवास्ता गर्दै सुमार्गीको कम्पनीको अनुमतीपत्र खारेज गरेको हो । अनुमति खारेज भएको अवस्थामा सो फ्रिक्वेन्सी भने अन्यलाई बेच्न मिल्ने दूरसञ्चार प्राधिकरणका प्रवक्ता सन्तोष पौडेलले बताए । लो नेपालले अघिल्लो आर्थिक वर्ष २०७७/७८ को बक्यौता रकम करिब ३२ करोड रुपैयाँ तिर्न आनाकानी गरिरहेको थियो । बक्यौतामा समस्या भएपछि प्राधिकरणले गत मंसिरमा अनुमति पत्र खारेज गरेको थियो । तर उसको निर्णय चित्त नबुझेपछि हेलो नेपालले सरकार गुहारेको थियो ।

कम्पनीले २०६४ फागुनमा प्राधिकरणबाट जीएसएम ९००/१८०० मेगाहर्ज स्पेक्ट्रम प्रयोग गर्न अनुमति पाएको थियो ।

दर्ता नं. २/१०५(५१) ०५५/०५६ पान नं. ३०१४८७०४१

(सहकारी सस्था दर्ता ऐन, २०४८ बमोजिम स्थापित)

दिव्य तारा बहुउद्देश्यीय सहकारी संस्था लि०

DIVYA TARA MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD.

स्थापित: वि.सं. २०५५

च.नं. २०७९/०८०/१२३ मिति:२०७९/०५/०६

श्री सम्पुर्ण शेयर सदस्यजुहरु
दिब्यतारा ब.स.सं. लि.
मुख्य कार्यालय, हेटौडा -२

विषय: २०७९अषाढ मसान्त सम्मको विवरण सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा सहकारी विभागद्धारा मिति२०७९/०४/३१ गते जारी निर्देशन अनुसार सहकारी संस्थाहरुले भए गरेका कारोवारको यर्थात विवरण स्थानीय पत्रिका मार्फत आफ्ना शेयर सदस्यहरुको जानकारीको लागी तपसिल बमोजिमका आर्थिक कारोवारहरु सार्बजनिक गरिएको छ ।तपसिल

सि. नं.	विवरण	रकम
	दायित्व	
१	शेयर पुंजी	१२६,०६७,७००।००
२	जगेडा कोष	२०,०२५,३१७।५०
३	अन्य कोष	३२,४६४,६३४।९४
४	बचत	६०७,८५४,३८७।०६
५	बाह्य कर्जा	५३५,८६७,९८१।८९
६	दिनुपर्ने हिसाव	१०,०५२,०४३।०५
७	अन्य दायित्व	९,५२२,२३४।२९
	खुद मुनाफा	२९,९९५,६०६।५४
	जम्मा	१,३७१,८४९,९०५।२७
	सम्पत्ती	
८	नगद तथा बैंक	९९,०७०,४४८।०२
९	लगानी	९,८२७,२२५।१७
१०	लगानीमा रहिरहेको	१,१२१,७५४,२५२।६४
११	पाउनुपर्ने हिसाब	२१,३४९,०७५।७७
१२	स्थिर सम्पत्ती	११६,९१२,८०१।०३
१३	अन्य सम्पत्ती	२,९३६,१०२।६४
	जम्मा	१,३७१,८४९,९०५।२७
	शेयर सदस्य संख्या	१०,५७९
	ऋणी सदस्य संख्या	२,२०८
	कार्यक्षेत्र	मकवानपुर, चितवन र ललितपुर जिल्ला भरी

रमेश प्रसादे कैईराला
व्यवस्थापक

केन्द्रीय कार्यालय : हेटौंडा-२, पल्पसारोड, बागमती प्रदेश, हेटौंडा, मकवानपुर, नेपाल, फोन नं. ०४७-५२४४१६,
E-mail: divyatara2000@gmail.com, Website : www.divyatara.com.np

प्राइम लाइफ

प्रधान कार्यालय हात्तीसार, काठमाडौं, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४, पो.ब.नं. २५९७९

हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको मागबमोजिम प्रतिलिपी बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल

क्र.सं.	बीमालेख नं.	बीमितको नाम	ठेगाना
१.	१५५०००००६३३	आदित्य पंडित	चकघट्टा-०४,सर्लाही
२.	१५७०००२३००	रिजनअधिकारी	हेटौंडा-११, मकवानपुर

साबुनपानीले मिचिमिचि हात धोऔं ।

- हत्केला पछाडि, औंलाको बीच, नङभित्र लगायत सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसंग साबुन लगाएर सफा पानीले हात धोऔं ।
- सफा कपडा वा तौलियाले हात पुछौं ।

जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक बधाई तथा शुभकामना

ध्रुव अधिकारी (अध्यक्ष) शिवहरि दाहाल (महासचिव)

टोल विकास संस्था नगर समन्वय समिति हेटौंडाको शनिबार भएको तेस्रो साधारणसभा तथा अधिवेशनबाट अध्यक्ष पदमा **ध्रुव अधिकारी** र महासचिव पदमा **शिवहरि दाहाल**लगायत सम्पूर्ण कार्यसमिति सदस्यहरुलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

एकराज दंगाल (अध्यक्ष) एवम्
समाज कल्याण टोल विकास संस्था
हेटौडा-४, मकवानपुर परिवार

हार्दिक आभार

टोल विकास संस्था नगर समन्वय समितिको तेस्रो साधरणसभा तथा अधिवेशनबाट मलाई दोस्रो कार्यकालका लागि सर्वसम्मत अध्यक्ष चयन गर्नुहुने सम्पूर्ण अधिवेशन प्रतिनिधि, सहयोगी, शुभेच्छुकप्रति हार्दिक आभार व्यक्त गर्दछु । बागमती प्रदेशको राजधानी हेटौडालाई सुन्दर सफा र हराभरा नगरको रुपमा स्थापित गर्न सबै टोल विकास संस्थाको साथ र सहयोगमा उल्लेखनीय कार्य गर्न प्रतिबद्धता समेत व्यक्त गर्दछु ।

ध्रुव अधिकारी (अध्यक्ष)
टोल विकास संस्था नगर समन्वय समिति हेटौडा मकवानपुर

हेटौंडा उपमहानगरपालिका कार्यालय
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर

फोहोर पृथकीकरण (कुहिने र नकुहिने छुट्याउने) सम्बन्धी अत्यन्त जरूरी सूचना

फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ६ (१), (२) तथा हेटौंडा उपमहानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ को दफा २४ (१), (२) को व्यवस्था अनुसार २०७९ साल भाद्र ३ गतेदेखि स्रोतमा नै जैविक (कुहिने) र अजैविक (नकुहिने) फोहोरको पृथकीकरण गर्नुहुन सम्पूर्ण नगरबासीमा हार्दिक अनुरोध गर्दछौं । उक्त व्यवस्था अनुसार फोहोर पृथकीकरण गर्ने जिम्मेवारी फोहोर उत्पादनकर्ताको नै भएकोले फोहोर वर्गीकरण गरी सकेसम्म आफ्नो घरबाट निस्किने कुहिने फोहर आफ्नै घरमा व्यवस्थापन गर्नुहुन अनुरोध गर्दछौं । सो व्यवस्थापन गर्न नसक्ने नगरबासीहरुले बारको आधारमा फोहोर संकलन गर्न आउने ढुवानी साधनमा फोहर निश्काशन गर्नहुन साथै बजार क्षेत्रका पसल व्यवसायीहरुले आफ्नो फोहोर डस्टबिनमा राखी फोहोर संकलन गर्न आउने ढुवानी साधन आँउदामात्र फोहोर निश्काशन गर्न जानकारी गराईन्छ ।

सडक, सार्वजनिक स्थल, खोलामा जथाभावी फोहोर हुनबाट रोकौं ***सफा हेटौंडा अभियान****लाई सफल पारौं ।*

URL: www.sajhakuranews.com,

HETAUDA CITY HOSPITAL PVT.LTD.
Hetauda-1, Sub-metropolitan
Phone: 057-520315

VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

S.No.	Designation	No.	Salary (Rs)	Min. Qualifications
1	Staff Nurse	Few	Negotiable	PCL/NHPC registered
2	CMA/ANM	Few	Negotiable	TSLC
3	Receptionist	Few	Negotiable	+2 completed

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

प्रोपाईटर: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२

विक्की फ्रेस मिट शप

हेटौंडा-२, चौकीटोल

हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना